# विद्युतीय संचार माध्यममा लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना**

**ताप्ली गाउँपालिकाले** जनताको सूचना पाउने हकको सुनिश्चित प्रदान गर्न नागरिकसम्म सूचना तथा समाचारहरु प्रसारण गर्ने विद्युतीय संचार माध्यमहरु स्वतन्त्र एफएम रेडियो र टेलिभिजनको दिगो विकासमा टेवा पुर्याउने उद्देश्यले जनहितमा आधारित लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने नीति लिएको छ । स्वतन्त्र एफएम रेडियो र टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न देहाय बमोजिम कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. कार्यविधिको नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम बिद्युतिय संचार माध्यम स्वतन्त्र एफएम रेडियो र टेलिभिजनका लागि **"स्थानिय लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि"** २०७९ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरी प्रमुखले प्रमाणित गरेको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "**एफ एम रेडियो**" भन्नाले नियम अनुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेका, स्थानिय स्वतन्त्र एफएम रेडियोलाई बुझाउने छ ।

(ख) "**टेलिभिजन**" भन्नाले नियम अनुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेका स्थानिय टेरेस्टीएल र केवुल टेलिभिजनलाई बुझाउने छ ।

(ग) "**गाउँपालिका**" भन्नाले **ताप्ली गाउँपालिका**लाई सम्झनु पर्दछ ।

(घ)"**कार्यपालिका**" भन्नाले **ताप्ली गाउँपालिका**को कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "**अध्यक्ष**" भन्नाले **ताप्ली गाउँपालिका**को अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "**उपाध्यक्ष**" भन्नाले **ताप्ली गाउँपालिका**को उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "**प्रमुख प्रशासकिय अधिकृत**" भन्नाले **ताप्ली गाउँपालिका**को प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठित प्रसारण समरीक्षण तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(झ) **"लोककल्याणकारी विज्ञापन"** भन्नाले **ताप्ली गाउँपालिका**ले प्रसारण गर्न दिएको चेतनामूलक एवं सूचनामूलक समाग्री सम्झनु पर्दछ र यो शव्दले प्रकोपको अवस्थामा प्रसारण गर्न दिएको सूचना वा सन्देशमूलक सामाग्रीलाई समेत जनाउँदछ ।

## परिच्छेद-२
## बिज्ञापन सम्बन्धी प्रशासनिक व्यवस्था

**३. प्रसारण संपरिक्षण तथा अनुगमन समितिको गठन :** (१) स्वतन्त्र एफएम रेडियोकालागि समन्वय गर्न र वर्गीकरण तथा अनुगमन गर्न देहाय वमोजिमको प्रसारण संपरिक्षण समिति रहनेछ ।

| | |
|---|---|
| (क) ताप्ली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) ब्रोडकाष्टिङ एशोसिएसन अफ नेपाल(वान) का प्रतिनिधी | सदस्य |
| (ग) नेपाल पत्रकार महासंघ उदयपुरका अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| (घ) प्रमुखले मनोनयन गर्ने बिषय विज्ञ दुई जना | सदस्य |
| (ङ) आर्थिक प्रशासन महाशाखाका प्रमुख | सदस्य |
| (च) प्रशासन महाशाखाका प्रमुख | सदस्य |

**४. संपरिक्षण तथा अनुगमन समितिका काम, कर्तव्य र अधिकारहरु :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लोककल्याणकारी बिज्ञापनको आवेदन मागको सूचना जारी गर्ने ।

(ख) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका स्वतन्त्र एफएम रेडियो र टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन प्रसारणको कार्यादेश जारी गर्ने ।

(ग) लोककल्याणकारी विज्ञापन प्रशारणको अनुगमन गर्ने ।

(घ) प्रसारण गर्ने लोककल्याणकारी विज्ञापनको छनौट, प्रसारण तालिका निर्धारण, प्रसारणका समय र रकम निर्धारण गर्ने ।

(ङ) लोककल्याणकारी विज्ञापन निर्माण गर्न लगाउने र प्रसारणकालागि सिफारीस गर्ने ।

(च) समितिले निर्णय गरेका अन्य कामहरु ।

# परिच्छेद-३
## बिज्ञापन स्वीकृत, प्रशारण

**५. सूचना प्रशारण तथा फारम भर्ने :**

(क) समितिले लोककल्याणकारी विज्ञापन वितरणका स्वतन्त्र एफएम रेडियो र स्थानीय टेलिभिजनलाई प्रत्येक आर्थिक बर्षको श्रावण महिनाभित्र न्यूनतम ३० दिनको समयावधिदिई दरखास्ता आव्हानको सूचना गर्ने छ ।

(ख) उपदफा (क) बमोजिम आव्हान गरिएको सूचनामा उल्लेखित म्याद भित्र प्रसारण संस्थाहरुले विज्ञापन प्रसारण गर्न भाग लिन अनूसूची (१) बमोजिमको ढाँचामा फारम भरी **ताप्ली गाउँपालिका**मा दर्ता गर्नुपर्नेछ ।

(ग) म्याद भित्र दर्ता नभएका फारमलाई लोककल्याणकारीमा समावेश गरिने छैन ।

(घ) लोककल्याकारी विज्ञापनका लागि भाग लिन चाहने प्रसारण संस्थाले सूचना शाखाबाट फारम लिन सक्ने छ वा **ताप्ली गाउँपालिका**को वेवसाईडवाट डाउनलोड गर्न सक्नेछ ।

(ङ) वर्गीकरणमा सहभागी हुने विद्युतीय संचार माध्यमले प्रत्येक बर्षका लगि देहाय वमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछ ।

(अ) स्वतन्त्र एफएम रेडियो र टेलिभिजनको लागि रु ३०० (तीन सय) रुपैया ।

**६. एफएम रेडियो बर्गीकरण र श्रेणी विभाजन :** (१) दफा ५ बमोजिम दर्ता र दफा ७ बमोजिम शर्त पुरा गरेका एफएम रेडियोलाई संघिय सरकारले गरेको वर्गीकरणलाई समेत मध्यनजरगरी स्थानीय एफएम रेडियोको प्रकृतिको आधारमा वर्गीकरण गरिनेछ ।

(क) विद्युतीय आमसञ्चार माध्यमहरु मध्ये एफएम रेडियोको वाट क्षमता, प्रसारण पहुँचको आधार वनाएर बर्गीकरण गरिनेछ ।

(ख) लोककल्याणकारी विज्ञापनको लागि बर्गीकृत हुन वा विज्ञापन प्राप्त गर्न आवश्यक पर्ने सम्पूर्ण प्रमाणहरु प्रसारण गर्ने संस्थाहरुले जुटाउनु पर्नेछ ।

(ग) नियमति प्रसारणमा आएको एक बर्ष पुगेपछि मात्र कुनै पनि प्रसारण संस्था लोककल्याणकारी विज्ञापनको लागि योग्य हुनेछ । संघिय सरकारले दिएको नियमित प्रसारणको अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

(घ) एफएम रेडियोको प्राविधिक मूल्यांकन पछि मात्र लोककल्याणकारी विज्ञापनका लागि प्रसारण संस्था छनौट गरिनेछ ।

(ङ) लोककल्याणकारी विज्ञापनका वितरणमा स्वतन्त्र एफएम रेडियोलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) स्थानीय टेलिभिजनको हकमा संपरिक्षण तथा अनुगमन समितिले नै छनौटको विधि बनाउने छ ।

**७. बिद्युतीय संचार माध्यमले पालना गर्नुपर्ने शर्तहरु :** स्वतन्त्र एफएम रेडियो र स्थानीय टेलिभिजनले लोककल्याणकारी विज्ञापन प्राप्त गर्नना लागि देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

(क) नेपालको संविधान र प्रचलित कानुनहरुको पालना गरेको,

(ख) प्रचलित कानूनबमोजिम लिएको इजाजतपत्र र लाईसेन्स नविकरण भएको,

(ग) कर चुक्ताको प्रमाणपत्र पेश गरेको,

(घ) प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचार संहिता पालना गरेको,

(ङ) तीस प्रतिशत भन्दा वढी कार्यक्रमहरु रिले प्रसारण नगरेको,

(च) **ताप्ली गाउँपालिका**मा तोकिएको म्याद भित्र सूचिकृत भएको,

(छ) एक बर्षमा कम्तीमा ३३० दिन नियमित प्रसारण भएको,

(ज) दिनमा कम्तीमा १० घण्टा प्रसारण भएको,

(झ) विज्ञापनको समय कुल प्रसारणको २५ प्रतिशत मात्र भएको,

(ञ) प्रसारण गरिने लोककल्याणकारी विज्ञापनको मिडिया प्लान अनिवार्य रुपमा पेश गरेको,

(ट) एफएम रेडियो र टेलिभिजन प्रसारण सम्बन्धि आचार संहिता पालन गरेको ।

**८. लोककल्याणकारी विज्ञापनको निर्माण :**

(क) समितिको सिफारीसको आधारमा **ताप्ली गाउँपालिका**ले लोककल्याणकारी विज्ञापनको बिषयबस्तुको निर्धारण गर्नेछ ।

(ख) लोककल्याणकारी विज्ञापनको बिषयबस्तु निर्धारण गर्दा स्थानीय बोलिने भाषालाई प्राथमिकता दिईनेछ ।

(ग) विज्ञापन निर्माणमा एकरुपता कायम गरिनेछ ।

(घ) लोककल्याणकारी विज्ञापन निर्माण सम्बन्धी सबै काम **ताप्ली गाउँपालिका**ले गर्नेछ ।

**९. लोककल्याणकारी विज्ञापन प्रसारणको मिति तथा समय :**

(क) समितिको निर्णय अनुसार प्रसारण संस्थाले लोककल्याणकारी विज्ञापनको लागि **विशेष (सुपर), प्राईम** र **साधारण (जनरल)** समय छुट्ट्याउनु पर्नेछ ।

(ख) प्रसारण संस्थाले लोककल्याणकारी विज्ञापन वर्गीकरणका आधारमा दैनिक कतिपटक, कुन समयमा के प्रसारण गर्ने भन्ने सम्बन्धमा समितिले निर्धारण गरे बमोजिम गर्नुपर्नेछ ।

(ग) विज्ञापन प्रसारण गर्दा **ताप्ली गाउँपालिका**ले तोकेको समयमा प्रसारण संस्थाले अनिर्वाय रुपमा प्रसारण गर्नुपर्नेछ ।

(घ) **ताप्ली गाउँपालिका**लाई प्रसारणको समयको पूर्व जानकारी उपलब्ध गराउनु पर्नेछ र सो को रेकर्ड **ताप्ली गाउँपालिका**मा सुरक्षिंत रहनेछ ।

(ङ) **ताप्ली गाउँपालिका**ले अनुगमन प्रणालीमा प्रसारित सामाग्रीको स्पष्ट प्रमाण खुल्नेगरी रेकर्ड राख्नु पर्नेछ ।

(च) समितिको सिफारीस अनुरुप बर्गीकृत भई सकेपछि त्यस्ता प्रसारण संस्थालाई समितिको निर्णय र निर्देशन बमोजिम **ताप्ली गाउँपालिका**को सूचना शाखाले प्रसारण गर्ने विज्ञापन तथा प्रसारणको मिति, समय र तालिका उपलब्ध गराउनेछ ।
(छ) प्रसारण सम्बन्धी विवरणलाई **ताप्ली गाउँपालिका**को वेवसाईड मार्फत सार्वजनिक गरिनेछ ।

**१०.लोककल्याणकारी बिज्ञापनको दररेट :** (१) लोककल्याणकारी विज्ञापन प्रशारण गर्ने समयतालिका र लोककल्याणकारी विज्ञापन प्रशारण गरे वापतको दररेट अनुसूची-२ बमोजिम हुनेछ ।

**११ बजेट बाँडफाँड प्रक्रिया :** (१) विज्ञापन निर्माण, प्रसारण तथा प्रशासनिक खर्च विद्युतीय संचार माध्यमका लागि विनियोजित बजेट मध्येवाट देहाय बमोजिम बाँडफाँड गरिनेछ ।

(क) विज्ञापन निर्माण गर्दा १० प्रतिशत तथा प्रशासनिक खर्च ५ प्रतिशत राखिनेछ ।

(ख) विज्ञापन प्रसारकका लागि ८५ प्रतिशत रकम छुट्टाइने छ ।

(२) लोककल्याणकारी विज्ञापन वितरणको लागि प्रसारण संस्थाको अभिलेख समितिले तयार गर्नेछ ।
(३) समितिको बैठक बसेको दिन पदाधिकारी तथा आमन्त्रितहरुलाई बैठक तथा अनुगमन भत्ता वापत **ताप्ली गाउँपालिका**ले कार्यपालिका सदस्यले पाउँने सरह सुविधा प्रदान गरिनेछ ।
(४) लोककल्याणकारी विज्ञापन सम्बन्धमा प्रभावकारिता तथा पृष्ठपोषणका सम्बन्धमा आवश्यकता अनुसार गोष्ठी, अन्तरक्रिया, अनुगमन र निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ । सो कार्यक्रमको लागि आवश्यक पर्ने रकम यसै कार्यविधि अनुसार छुट्टाइएको प्रशासनिक खर्चवाट व्यवस्था गरिनेछ ।

## परिच्छेद-४
## भुक्तानी सम्बन्धी व्यवस्था

**१२ भुक्तानी प्रक्रिया :**

(क) स्वतन्त्र एफ.एम.रेडियोले लोककल्याणकारी विज्ञापन प्रसारण भएको प्रसारण प्रमाणपत्र, विजक सहित अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन, तोकिएको मिति भित्र पालिकामा अनिवार्य पेश गरेपछि रकम भुक्तानी **ताप्ली गाउँपालिका**को आर्थिक प्रशासन महाशाखाबाट दिइनेछ ।

(ख) स्वतन्त्र एफ.एम.रेडियोले उपदफा (क) बमोजिमको अवधिपछि विजक पेश गरेमा पालिकाबाट लोककल्याणकारी विज्ञापन बापतको रकम भुक्तानी गरिने छैन ।

(ग) उपदफा (क) बमोजिमको निवेदन प्राप्त भएपछि लोककल्याणकारी विज्ञापन प्रशारण बापतको रकम स्वतन्त्र एफ.एम.रेडियो सञ्चालन गर्ने संस्था वा स्वतन्त्र एफ.एम.रेडियोको नाममा रहेको बैंक खाता वा स्वतन्त्र एफ.एम.रेडियोबाट आर्थिक

अधिकार प्राप्त कागजात पश्चात स्वतन्त्र एफ.एम.रेडियाको छाता सँस्था ब्रोडकाष्टिङ एसोसियसन अफ नेपाल (वान)लाई भुक्तनी गरिनेछ ।

(घ) उपदफा (क) बमोजिम पेश गर्नुपर्ने विज्ञापन प्रशारण भएको प्रमाण **ताप्ली गाउँपालिका**ले इमेल वा विद्युतीय सूचना प्रणालीलगायतका अन्य माध्यमवाट समेट माग गर्न सक्नेछ ।

(ङ) स्वतन्त्र एफ.एम.रेडियोले लोककल्याणकारी विज्ञापन प्रशारण गर्न चाहेमा अनिवार्य रुपमा सम्झौता गर्नु पर्नेछ ।

(च) लोककल्याणकारी विज्ञापन बाहेक अन्य विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्नु परेमा सम्बन्धी महाशाखाको सहमतीमा छुट्टै सम्झौता गरि कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रम उत्पादन र प्रसारणको व्यवस्था सम्झौता अनुसार नै हुनेछ ।

**१३.भुक्तानी रोक्का हुने :** लोककल्याणकारी विज्ञापन प्रशारण गरे वापत स्वतन्त्र एफ.एम.रेडियोले पाउने भुक्तानी पालिकाले देहायको अवस्थामा रोक्का गर्न सक्नेछ :

(क) स्वतन्त्र एफ.एम.रेडियोले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ त्था श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिकलगायत सेवा सुविधा उपलब्ध नगराएको भनी सम्बन्धित निकायवाट लेखी आएमा,

(ख) स्वतन्त्र एफ.एम.रेडियोले दफा ७ बमोजिमका शर्तहरु पालन नगरेमा,

(ग) स्वतन्त्र एफ.एम.रेडियोले लोककल्याणकारी विज्ञापन तोकिएको प्राथमिकताका आधारमा प्रशारण नगरेमा वा समय तालिकामा उल्लेख भए बमोजिम प्रशारण नगरेमा,

(घ) स्वतन्त्र एफ.एम.रेडियोले पालिकाको निर्देशन बमोजिम लोककल्याणकारी विज्ञापन प्रशारण नगरेमा,

(ङ) स्वतन्त्र एफ.एम.रेडियोले पत्रकार आचारसंहिता पालना नगरेको भनी प्रेस काउन्सिल नेपालबाट लेखी आएमा,

(च) स्वतन्त्र एफ.एम.रेडियोले विज्ञापन सम्बन्धी आचारसंहिता पालना गरेको नपाइएमा

**१४.करकट्टी तथा कोष दाखिला गरी रकम भुक्तानी पठाइने : ताप्ली गाउँपालिका**ले लोककल्याणकारी विज्ञापन प्रशारण गरेवापत स्वतन्त्र एफ.एम.रेडियोलाई रकम भुक्तानी गर्दा नियमानुसारको कर कट्टी गर्नेछ ।

## परिच्छेद-५
## विविघ

**१५. प्रसारण निरीक्षण व्यवस्था :**

(क) तोकिए बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण भए नभएको सम्बन्धमा समितिले अनुगमन निरिक्षण गर्न सक्नेछ ।

(ख) समितिले जुनसुकै समयमा पनि प्रसारण संस्थाको निरीक्षण गर्न सक्नेछ । निरीक्षणको समयमा विज्ञापनसँग सरोकार राख्ने कागजपत्र देखाउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(ग) कुनै प्रसारण संस्थाले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले फारममा वास्तविकता भन्दा फरक विवरण उल्लेख गरेको कुरा निरीक्षण वा प्रसारणको कार्यालयमा भएका अन्य विवरणवाट थाहा हुनगई प्रमाणित भएमा समितिले लोककल्याणकारी विज्ञापन सहयोग बढीमा २ बर्षका लागि स्थगित गर्न सक्नेछ ।

(घ) विद्युतिय संचार माध्यमले पत्रकारिता सम्बन्धी आचार संहिता र एफएम रेडियो सम्बन्धी मूल्यमान्यता पालना गरेको छ वा छैन निरीक्षण गर्न सकिनेछ ।

(ङ) कुनै एक संस्थाले तीन पटक भन्दा बढी आचार संहिता उलंघन गरेमा लोककल्याणकारी विज्ञापनको लागि अयोग्य ठहरिनेछ ।

**१६.यसै कार्यविधि बमोजम भएको मानिने** : यस कार्यविधि बन्नु भन्दा अघि लोककल्याणकारी विज्ञापन बापत भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१७.वाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ फुकाउनु परेमा कार्यपालिकाको निर्णयमार्फत वाधा अड्काउ फुकाउन सकिनेछ ।

**अनुसूची-१**
**(दफा ५ को उपदफा (ख) सँग सम्बन्धित)**
**(विद्युतीय संचार माध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणका लागि दिने निवेदनको ढाँचा)**

**श्री ताप्ली गाउँपालिकाको कार्यालय,**
**रुपाटार,उदयपुर**

प्रचलित कानूनको अधिनमा रही पालिकामार्फत स्वतन्त्र एफ.एम.रेडियोबाट लोककल्याणकारी विज्ञापन प्रशारणगर्न देहाको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

(१) संस्थाको नाम :
(२) सञ्चार सँस्थाको नाम (कलसाइन) :
(३) ठेगाना :
(४) सञ्चालन भएको स्थान :
(५) सम्पर्क नम्बर :
(६) प्रसारण सँस्थाको प्रकार :
(७) स्वतन्त्र एफ.एम.रेडियो क्षमता :

**<u>संलग्न कागजातहरु :-</u>**

(क) सँस्था तथा स्वतन्त्र एफ.एम.रेडियो दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) इजाजतपत्र र लाईसेन्स नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
(ग) सँस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नं. सहितको विवरण,
(ङ) सँस्थाको प्रबन्धपत्र/नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखापरीक्षण प्रतिवेदन,
(छ) नियममित प्रशारण भएको एक बर्ष पुगेको देखिने प्रमाणपत्र ।

हस्ताक्षर :
नाम :
पद :
ठेगाना :
फोन नं.
इमेल :
संस्थाको छाप :

**अनुसूची-२**
**(दफा १० सँग सम्बन्धित)**

लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने स्वतन्त्र एफ.एम.रेडियोको समय, समयतालिका र लोककल्याणकारी विज्ञापन प्रसारण गरे बापतको भुक्तानीको दररेट

**मूल्य अभिवृद्धि कर सहितको दर रेट**

**(क) रेडियो, एफ.एम.तर्फ**

| समयको बर्गीकरण | २५० वाटसम्म (प्रति मिनेट) | १००० वाटसम्म (प्रति मिनेट) | १००० वाट भन्दामाथि (प्रति मिनेट) |
|---|---|---|---|
| सुपर प्राइम | रु ३३९ | रु ३७२।९० | रु ४१२।५० |
| प्राइम | रु २२६ | रु २४८।६० | रु २७६।९० |
| सामान्य | रु १६९।५० | रु १८६।५० | रु २०९।१० |

**अनुसूची-३**
**(दफा १२ को उपदफा (क) सँग सम्बन्धित)**

**श्री ताप्ली गाउँपालिकाको कार्यालय,**
**रुपाटार,उदयपुर**

बिषय : भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा लोककल्याणकारी विज्ञापन वितरण कार्यविधिको दफा १२ को उपदफा (१) बमोजिम यस संस्थाले रु ...................... बराबरको विज्ञापन प्रशारण गरेको हुँदा सो रकम भुक्तानी गरिदिनु हुन अनुरोध गर्दछु । साथै उक्त विज्ञापनको प्रशारण प्रमाणपत्र र विजक यसै साथ पेश गरेको छु ।

**निवेदक**

**संलग्न कागजात :**
(१) प्रशारण प्रमाणपत्र
(२) विज्ञापनको विजक ।